## बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय तथा देव विकास बैंक लिमिटेड

## बीच भएको बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्झौता पत्र

बैंक खाता मार्फत सबै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम बेनिघाट रोराङ गाउँपालिकाको कार्यालय (यस पछि गाउपालिका भनिने) र धादिङ्ग जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं. ०३ स्थित देव विकास बैंक शाखा कार्यालय (यस पछि बैंक भनिएको) बीच सामाजिक सुरक्षा भत्ता बैंकीङ प्रणाली मार्फत् वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही यस संझौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

<u>तपसिल</u>

१. गाउपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाण पत्र नं. सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (MIS बाट आउने १३ अंकको संकेत नं.), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण अनलाइनमा आधारित विद्युतिय माध्यमबाट बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

२. बैंकले यस गाँउपालिकाको वडा नं. १, २, ३, ४ र ७ को प्रत्येक वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेछ । बैंकाले गाउपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा विशेष बचत खाता खोल्नु पर्नेछ ।

३. बैंकले ५ बर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सन्चालन हुने गरी बचत खाता खोली, आमा वा संरक्षकको दस्तखतबाट खाता सन्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोली सकेपछि गाउपालिकाबाट प्राप्त लाभग्राही विवरण सहित लाभग्राहीको नाम र खाता नं. गाउपालिकालाई अनलाइनमा आधारित विद्युतिय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

५. गाउपालिकाले प्रत्येक लाभग्राहीको नाम, लक्षित समूह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. गाउपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरि प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत गाउपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

७. तथ्याङ्क आदान प्रदान गर्दा अनलाइनमा आधारित विद्युतिय माध्यमबाट मात्र गरिनेछ । यो सम्भव नभएमा केन्द्रिय पन्न्जीकरण विभाग सँग सम्पर्क गरी तँहाबाट प्राप्त निर्देशन अनुसार गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउपालिकचाले तत्काल बैंकलाई उपलब्ध गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी गाउपालिकालाई फिर्ता पठाउनु पर्नेछ ।

९. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पहिलो पक्षलाई दिनुपर्नेछ ।

१०. बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोबार झल्कने प्रतिवेदन गाउपालिकालाई उपलब्ध गराउनु पर्नेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केहि वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. गाउपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा जम्मा गरी बैंकले वडा कार्यालय परिसरबाट मोबाईल बैंकिङ्ग प्रणाली (घुम्ती बैंकिङ्ग सेवा) मार्फत लाभग्राहीको हात हातमा रकम वितरण गर्नु पर्नेछ ।

Scanned with CamScanner

१२. मोवाईल बैंकिङ्ग प्रणाली सेवाको वखत दोस्रो पक्षले लाभग्राहीलाई रकम वितरण गर्ने प्रयो प्रहरी प्रशासन र सुरक्षाको प्रवन्ध एवं व्यवस्थापकिय कार्यको प्रथम पक्षले सहयोग गरीदिनु पर्ने

१४. सामाजिक सुरक्षा भत्ता वितरण हुने दिन, समय र स्थानको प्रचार प्रसार लगाएतको गाउपालिकाको हुनेछ ।

१५. दुवै पक्षको सहमती वाट लाभग्राहीहरु लाई सहज ढङ्ग वाट रकम उपलब्ध गराउन थप प्रयास ।

गाउपालिकाको तर्फबाट

हर्ष बहादुर थापा
प्रमुख प्रसाशकिय अधिकृत
बेनिघाट रोराङ गाउँपालिका

बैकको तर्फबाट

राज कुमार त्रिपाठ
देव विकास बैंक लि
शाखा प्रवन्धक

बैंकको छाप

देव विकास बैंक लि.
Deva Bikas Bank Ltd.

साक्षिहरु

१. परशुराम घिमिरे- सामाजिक विकास शाखा प्रमुख